*मिति २०८३ असोज १२ गते बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरू:-*

निर्णय नं. १

मिति २०८३।०५।२९ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल तथा समीक्षा गरियो।

निर्णय.नं. २

मिति २०८३ असोज ९ गते देखि ११ गतेसम्म गण्डकी प्रदेशका विभिन्न जिल्लामा भएको अविरल वर्षाका कारण सिर्जित वाढी, पहिरो तथा डुवान जस्ता विपद्जन्य घटनाबाट ठूलो जनधनको क्षति भएको दुःखद् घटनाले हामी सबैलाई अत्यन्त मर्माहित बनाएको छ। यस विपत्तिमा परी ज्यान गुमाउनुहुने नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदनाका साथै घाइते भएका नागरिकहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने र खोज, उद्दार तथा राहत सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन सबै संयन्त्र समन्वयात्मक तवरले परिचालन गर्ने गराउने।

निर्णय नं. ३

प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट अनुमोदन हुने गरी प्रदेश गोदाम घर सञ्चालन कार्यविधि, २०७७ को दफा (८) बमोजिम प्रदेश आपतकालिन गोदामघरमा मौज्दात रहेका राहत सामाग्रीहरु मध्येबाट विभिन्न जिल्ला प्रशासन कार्यालयमा हस्तान्तरण गरिएका देहाय बमोजिमका राहत सामाग्रीहरुको यसै बैठकबाट अनुमोदन गर्ने।

क) जिल्ला प्रशासन कार्यालय, म्याग्दीको पत्र संख्या ०८३/८४, च.नं. ९१७, मिति २०८३/०६/०८ को पत्र तथा पत्र संख्या ०८३/८४, च.नं. ९५३, मिति २०८३/०६/११ को पत्र बाट माग भएबमोजिम तत्काल विपद् प्रतिकार्य एवं व्यवस्थापनका लागि प्रदेश आपतकालीन गोदामघरमा मौज्दात रहेका राहत सामाग्रीहरु मध्येबाट जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई हस्तान्तरण भएका देहाय बमोजिमका राहत सामाग्रीहरु अनुमोदन गर्ने।

देहायः

- टेन्टः १५ (पन्ध्र थान)
- त्रिपोलिनः ४५ (पैतालीस थान)
- प्लास्टिक बकेटः १५ (पन्ध्र थान)
- ब्लाङ्केटः १०० (एक सय थान)
- पि-फर्म म्याट्रेसः १ (एक रोल)
- डोरीः १ (एक रोल)
- प्लास्टिक सिटः १ (एक रोल)
- पि-फर्म म्याट्रेसः १६ (सोह्र थान)

मुख्यमन्त्री

ख) जिल्ला प्रशासन कार्यालय, म्याग्दीको **पत्र संख्या** ०८३/८४, च.नं. ९५३, मिति **२०८३/०६/११ को पत्रबाट** खाद्यान्न सामग्री समेत माग भएकोले तत्कालका लागि खरिद गरि नेपाली सेना पश्चिम पृतना हे.क्वा सँगको समन्वयमा हेलि मार्फत पठाईएका देहाय बमोजिमका सामाग्रीहरुको बील बमोजिमको रकम प्रदेश विपद् कोषबाट भुक्तानी गर्ने। साथै उक्त राहत सामाग्री ढुवानी गर्न सहजीकरण गर्ने पश्चिम पृतना हे.क्वा. विजयपुर व्यारेकलाई धन्यवाद दिने।

<u>देहायः</u>

- चिउराः ३० के.जि.
- चाउचाउः ७ काटुन
- विस्कुटः ३ काटुन
- दालमोटः ३० पोका
- दालः १५ के.जि.
- चामलः ३ बोरा

ग) जिल्ला प्रशासन कार्यालय, पर्वतको **पत्र संख्या** २०८३/८४, च.नं. ९४०, मिति **२०८३/०६/११ को पत्रबाट** माग भए बमोजिम तत्काल राहत तथा पुनर्स्थापनाका लागि प्रदेश आपतकालीन गोदामघरमा मौज्दात राहत सामाग्रीहरु मध्येबाट जिल्ला प्रशासन कार्यालय पर्वतलाई हस्तान्तरण भएका देहाय बमोजिमका राहत सामाग्रीहरु अनुमोदन गर्ने।

<u>देहायः</u>

- त्रिपोलिनः २५ (पच्चीस थान) (हेलि मार्फत)
- टेन्टः १०० (एक सय थान) (गाडि मार्फत)
- त्रिपोलिनः १७५ (एक सय पचहत्तर थान) (गाडि मार्फत)
- पि-फर्म म्याट्रेसः १ (एक रोल) (गाडि मार्फत)

<u>निर्णय नं. ४</u>

जिल्ला प्रशासन कार्यालय, बागलुङको **पत्र संख्या** ०८३/८४, च.नं.४६९, मिति २०८३/०६/१२ को पत्र तथा **पत्र संख्या** ०८३/८४, च.नं. ५७४, मिति २०८३/०६/१२ को पत्रबाट माग भए बमोजिम तत्काल राहत तथा पुनर्स्थापनाका लागि प्रदेश आपतकालीन गोदामघरमा मौज्दात राहत सामाग्रीहरु मध्येबाट जिल्ला प्रशासन कार्यालय बागलुङलाई देहाय बमोजिमका राहत सामाग्रीहरु हस्तान्तरन गर्ने।

<u>देहायः</u>

- त्रिपोलिनः १० (दश थान) (हेलि मार्फत)
- त्रिपोलिनः २९० (दुई सय नब्बे थान) (गाडि मार्फत)
- टेन्टः १० (दश थान) (हेलि मार्फत)

- कम्बल (ब्लाङ्केट) ५० (पचास थान) (गाडि मार्फत)
- कम्बल (ब्लाङ्केट) १५० (एक सय पचास थान) (हेलि मार्फत)
- पि-फर्म म्याट्रेसः १ (एक रोल) (गाडि मार्फत)

<u>निर्णय नं. ५</u>

जिल्ला प्रशासन कार्यालय पर्वत, तथा बागलुङमा राहत सामाग्री हस्तान्तरण गर्नका लागि सशस्त्र प्रहरी बल नेपाल, नं. ४ मुक्तिनाथ बाहिनीको सवारी साधन मार्फत प्रदेश गोदामघरबाट ढुवानी गर्दा लागेको ईन्धनको बील बमोजिमको रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने। साथै उक्त राहत सामाग्री ढुवानी गर्न सहजीकरण गर्ने सशस्त्र प्रहरी बल नेपाल, नं. ४ मुक्तिनाथ बाहिनीलाई धन्यवाद दिने।

<u>निर्णय नं. ६</u>

मिति २०८३ असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी प्रदेशमा भएको अविरल वर्षा, बाढी, पहिरो तथा डुबान जस्ता मनसुनजन्य विपद्बाट भएको क्षतिको यकिन विवरण ३ (तीन) दिन भित्र संकलन गरी एकीकृत गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क) भौतिक संरचना क्षतिको विवरणः प्रदेश भित्रका सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, खानेपानी, सिँचाई, विधुत, विद्यालय, स्वास्थ्य चौकी आदि), सरकारी भवन तथा निजी आवासमा भएको भौतिक क्षतिको विस्तृत विवरण, क्षतिपूर्तिको आँकलन र पुनर्निर्माणका लागि आवश्यक बजेटको अनुमानित विवरण सम्बन्धित विषयगत मन्त्रालयहरूले आफ्ना मातहतका निकायहरू मार्फत तत्काल संकलन गरी मुख्यमन्त्री कार्यालय तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगमा उपलब्ध गराउने।

ख) मानवीय क्षतिको विवरणः उक्त अवधिमा विपद्का कारण भएको मानवीय क्षति (मृत्यु, घाइते, बेपत्ता), सुरक्षित स्थानमा स्थानान्तरण गरिएका नागरिकहरूको संख्या र खोज तथा उद्धार कार्यको संक्षिप्त विवरण प्रदेशस्थित सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल) ले संकलन गरी प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्रलाई उपलब्ध गराउने र केन्द्रले एकीकृत विवरण तयार गर्ने।

ग) पशु चौपाया क्षतिको विवरणः उक्त अवधिमा भएको मनसुनजन्य विपद्का कारण प्रदेश भित्रका कृषक तथा व्यावसायिक फर्महरूमा भएको पशु चौपायाको क्षति (मृत्यु, घाइते वा बेपत्ता) तथा गोठ, टहरा लगायतका संरचनामा पुगेको क्षतिको विस्तृत विवरण कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले आफ्ना मातहतका निकायहरू मार्फत तत्काल संकलन गरी मुख्यमन्त्री कार्यालय तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगमा उपलब्ध गराउने।

मुख्यमन्त्री

*मिति २०८३ असोज १२ गते बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरू:-*

<u>निर्णय नं. ७</u>

माथि उल्लिखित बुँदा (क), (ख) र (ग) बमोजिम प्राप्त भएका विवरणहरूलाई विश्लेषण, वर्गीकरण र प्राथमिकीकरण गरी प्रदेशको एकीकृत क्षति तथा पुनर्निर्माण प्रतिवेदन (**GP-PDNA - Gandaki Province Post-Disaster Needs Assessment**) तयार गर्न गण्डकी प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षज्यूको संयोजकत्वमा देहाय बमोजिमको एक उच्चस्तरीय समिति गठन गर्ने। यस समितिले तोकिएका देहायका कार्यक्षेत्रगत शर्त बमोजिम सम्बन्धित मन्त्रालय र निकायहरूबाट विवरण प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र एकीकृत प्रतिवेदन तयार गरी मन्त्रिपरिषद् बैठकमा पेस गर्ने।

<u>देहाय:</u>

१. माननीय उपाध्यक्ष, गण्डकी प्रदेश नीति तथा योजना आयोग – संयोजक
२. सचिव, भौतिक पूर्वाधार विकास तथा यातायत व्यवस्था मन्त्रालय – सदस्य
३. सचिव, उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय – सदस्य
४. सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय – सदस्य
५. सचिव, वन तथा वातावरण मन्त्रालय – सदस्य
६. सचिव, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय- सदस्य
७. सचिव, स्वास्थ्य मन्त्रालय – सदस्य
८. विपद् व्यवस्थापन सम्बन्धी विज्ञ – सदस्य (आमन्त्रित)
९. सचिव, गण्डकी प्रदेश नीति तथा योजना आयोग- सदस्य सचिव

<u>कार्यक्षेत्रगत शर्त:</u>

१. विषयगत मन्त्रालय र सुरक्षा निकायहरूबाट प्राप्त क्षतिग्रस्त भौतिक संरचना, (सार्वजनिक/सरकारी/निजी) मानवीय तथा पशु चौपायाको क्षति सम्बन्धी विवरणहरूलाई संकलन एवं अध्यावधिक गरी वास्तविक तथ्याङ्क निर्धारण गर्ने।
२. संकलित विवरणलाई पूर्वाधार, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र जस्ता क्षेत्रगत आधारमा वर्गीकरण तथा विश्लेषण गर्ने।
३. क्षतिग्रस्त भौतिक संरचनाको मर्मत सम्भार र पुनर्निर्माणका लागि तत्कालीन (तत्काल सुचारु गर्नुपर्ने सडक/खानेपानी समेत), मध्यकालीन र दीर्घकालीन योजनाहरूमा वर्गीकरण गरी प्राथमिकीकरण गर्ने।
४. क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण र पुनर्स्थापनाका लागि आवश्यक पर्ने कुल वित्तीय स्रोत र बजेटको आँकलन एवं प्रक्षेपण गर्ने।
५. गण्डकी प्रदेशको समष्टिगत आर्थिक र सामाजिक क्षतिलाई समेटेर अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलको **Gandaki Province- Post-Disaster Needs Assessment (GP-PDNA)** प्रतिवेदन तयार गर्ने।

मुख्यमन्त्री

*मिति २०८३ असोज १२ गते बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरूः-*

मुख्यमन्त्री

निर्णय नं. ८

मिति २०८३ असोज ९ गतेदेखि ११ गतेसम्मको मनसुनजन्य विपद्का कारण प्रदेशका विभिन्न जिल्ला तथा स्थानीय तहहरूमा सडक, पुल, जलविद्युत, सिँचाई तथा खानेपानी जस्ता पूर्वाधारहरूमा गम्भीर क्षती पुगी नागरिकको जनजीवन प्रभावित भएको अवस्थालाई मध्येनजर गर्दै अवरुद्ध सडकहरू तत्काल मर्मत संभार गरि आवागमन सुचारू गर्न तथा अन्य भौतिक पूर्वाधारहरुको मर्मत संभार गरि नागरिकको जनजीवन पूर्ववत अवश्थामा सुचारु गर्न प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयले उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने।

निर्णय नं. ९

मिति २०८३ असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी प्रदेशमा भएको अविरल वर्षा, बाढी, पहिरो तथा डुबान जस्ता भीषण मनसुनजन्य विपद्को समयमा प्रतिकूल मौसम र विषम परिस्थितिको प्रवाह नगरी स्थलगत रूपमा खटिएर थप क्षति हुन नदिन, अलपत्र परेका नागरिकहरूको खोज तथा उद्धार गर्न, राहत सामग्री ढुवानी एवं वितरण गर्न र अवरुद्ध सडकहरू सुचारु गराउन अहोरात्र खटिने जिल्ला विपद् व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका जिल्लास्थित सरकारी कार्यालयहरु, रांष्ट्रिय अनुसन्धान विभाग, स्थानीय तथा अग्रपंक्तिमा रहेर कमाण्ड सम्हाल्ने सबै जिल्लाका जिल्ला सुरक्षा समितिहरूलाई विपद् व्यवस्थापन कार्यमा पुर्याएको योगदानको कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्ने।

निर्णय नं. १०

मिति २०८३ असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी प्रदेशमा भएको मनसुनजन्य विपद्का कारण क्षतिग्रस्त भएका भौतिक संरचना, (सडक, पुल, खानेपानी, सिँचाई, विधुत, विद्यालय, स्वास्थ्य चौकी आदि), हरूको तत्काल मर्मत सम्भार गरी सेवा प्रवाह र आवागमन सुचारु गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकायले आफ्नो स्वीकृत वार्षिक बजेटको मर्मत तथा सम्भार शीर्षकमा रहेको रकमबाट तत्काल व्यवस्थापन गरी कार्य सम्पादन गर्ने। यसरी कार्य गर्दा सो शीर्षकमा रहेको रकम अपुग भई कार्य सञ्चालन गर्न बाधा पुगेको अवस्थामा, नपुग रकमका लागि प्राविधिक मूल्याङ्कन र ठोस कारण सहित थप बजेट निकासा वा रकमान्तरका लागि आर्थिक मामिला मन्त्रालयमा प्रस्ताव पठाउने र आर्थिक मामिला मन्त्रालयले यथाशीघ्र आवश्यक बजेट व्यवस्थापन गरिदिने।

निर्णय नं. ११

मिति २०८३ असोज ९ देखि ११ सम्मको विपद्बाट गण्डकी प्रदेशमा रहेका राष्ट्रिय राजमार्ग, ठूला जलविद्युत, पुल तथा सिँचाई जस्ता संघीय सरकारको कार्यक्षेत्र भित्रका भौतिक संरचनाहरूमा गम्भीर क्षति पुगी सेवा अवरुद्ध भएको छ। रणनीतिक महत्वका यी संरचनाहरूको पुनर्निर्माण कार्य अगाडि बढाउन र आवश्यक बजेट व्यवस्थापनका लागि नेपाल सरकार सँग अनुरोध गर्ने।

मुख्यमन्त्री

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

*मिति २०८३ असोज १२ गते बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकबाट भएका निर्णयहरू:-*

मुख्यमन्त्री

निर्णय नं. १२

भोटेकोशी नदीमा आएको बाढी पश्चात संघीय सरकारले तय गर्ने "भोटेकोशी बाढी पश्चातको पुनर्निर्माण प्याकेजमा मिति २०८३ असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी प्रदेशमा भएको विनाशकारी अविरल वर्षा, बाढी, पहिरो तथा डुबानजन्य विपद्लाई समेत एकीकृत रूपमा समावेश गर्न संघीय सरकार सँग अनुरोध गर्ने। गण्डकी प्रदेशका विभिन्न जिल्लामा क्षतिग्रस्त भएका ठूला भौतिक पूर्वाधार, रणनीतिक सडक, पुल, जलविद्युत आयोजना र बस्तीहरूको दीर्घकालीन पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि प्रादेशिक स्रोत र क्षमता मात्र अपुग हुने हुँदा केन्द्रीय पुनर्निर्माण प्याकेजमा यस प्रदेशको क्षतिलाई समेटी आवश्यक बजेट तथा प्राविधिक सहयोग उपलब्ध गराउन नेपाल सरकारसँग अनुरोध गर्ने।

निर्णय नं. १३

नजिकिँदै गरेका प्रमुख चाडपर्वहरू (दशैं, तिहार, छठ आदि) को समयमा नागरिकहरूको आवतजावत अत्यधिक बढ्ने र असोज ९ देखि ११ सम्मको विपद्का कारण मुख्य सडक सञ्जालहरू क्षतिग्रस्त भई अवरुद्ध भएको स्थानमा नागरिकहरूको यात्रालाई सुरक्षित र सहज बनाउन सम्बन्धित विषयगत मन्त्रालयले वैकल्पिक ग्रामीण तथा सहायक मार्गहरूको समेत तत्काल मर्मत सम्भार गर्ने।

निर्णय नं. १४

मिति २०८३ असोज ९ गतेदेखि ११ गतेसम्म गण्डकी प्रदेशमा भएको अविरल वर्षा, बाढी, पहिरो तथा डुबानका कारण ज्यान गुमाएका (मृत्यु भएका) र बेपत्ता भएका नागरिकका परिवारलाई प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ (तेस्रो संशोधन समेत) मा व्यवस्था भए बमोजिमको राहत रकम उपलब्ध गराउने। यसका लागि सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) मार्फत मृतक तथा बेपत्ता नागरिकको कानुनी रूपमा प्रमाणित विवरण र हकवालाको पहिचान गरी जिल्लामा रहेको प्रदेश विपद् व्यवस्थापन कोषको रकमबाट राहत रकम निकासा र वितरण गर्ने व्यवस्था मिलाउन गण्डकी प्रदेशका सबै जिल्ला विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८३/०६/१२

मुख्यमन्त्री